मलाई मानिसहरूसँग लड्न आदेश दिइएको छ जबसम्म तिनीहरूले अल्लाह बाहेक कोही ईश्वर छैन र मुहम्मद अल्लाहका दूत हुन् भन्ने गवाही दिँदैनन्, नमाज पढ्दैनन् र जकात दिंदैनन्

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मलाई मानिसहरूसँग लड्न आदेश दिइएको छ जबसम्म तिनीहरूले अल्लाह बाहेक कोही ईश्वर छैन र मुहम्मद अल्लाहका दूत हुन् भन्ने गवाही दिँदैनन्,
नमाज पढ्दैनन् र जकात दिंदैनन् । यदि तिनीहरूले त्यसो गरे भने, इस्लामको हक बाहेक तिनीहरूको रगत र सम्पत्ति मबाट सुरक्षित हुनेछ र तिनीहरूको हिसाब अल्लाहसँग छ ।"
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ, जबसम्म बहुदेववादीहरूले अल्लाह बाहेक कोही ईश्वर छैन, उहाँको कोही साझेदार छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका दूत हुन् भन्ने गवाही दिँदैनन्, नमाज पढ्दैनन् र जकात दिंदैनन्, अल्लाहले मलाई लड्न आदेश दिनुभएको छ । यदि तिनीहरूले यी कामहरू गर्छन् भने, इस्लामले तिनीहरूको रगत र सम्पत्तिको रक्षा गर्दछ । त्यसैले तिनीहरूलाई मार्नु अनुमति छैन । यदि तिनीहरूले कुनै अपराध वा हत्या गर्छन् भने तिनीहरूलाई इस्लामको प्रावधान र विधान अनुसार दण्ड दिइने छन् । त्यसपछि अल्लाहले कयामतको दिन तिनीहरूको हिसाब-किताब लिनुहुनेछ किनकि उहाँ तिनीहरूका गोप्य कुराहरू जान्नुहुन्छ ।

https://www.sunnah.global/hadeeth/ne/show/4211